मेलुङ गाउँपालिका
Melung Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
(प्रशासन शाखा)
भेड्पु, दोलखा
Bhedpu, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.स. / Ref. No.: २०७७/०७८
चं.नं. / Dispatch No.:

मिति : २०७७१०।२७

## गाउँपालिका भित्र घरवास (Home Stay) सञ्चालन गर्न चाहने व्यक्ति तथा संस्थाहरुबाट प्रस्ताव आव्हान गरिएको सुचना

यस गाउँपालिका देहाय बमोजिमका क्षेत्र भित्र विभिन्न स्थानहरुमा साझेदारीमा घरवास (Home Stay) संचालन गरिने भएकोले *होमस्टे सञ्चालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधी, २०७७ को* अधिनमा रहि यस गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि घरवास (Home Stay) सञ्चालन गर्न चाहने व्यक्ति तथा संस्थाहरुबाट प्रस्ताव आव्हान गरिएको छ ।

इच्छुक व्यक्ति तथा संस्थाले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँ कार्यपालिकाको कार्यालय, भेड्पुमा कार्यविधीको अनुसुची १ बमोजिमको जानकारी समावेश गरी आवेदन दिनु हुन सुचित गरिन्छ । आवेदनको नमुना गाउँपालिकाको वेबसाइट र कार्यालयबाट उपलब्ध हुनेछ ।

संचालन हुने क्षेत्रहरु :

गाईखुरा महादेव मन्दिर क्षेत्र (वडा न.२), फुर्केसल्ला क्षेत्र र लहरे सहरे क्षेत्र (वडा न.४ ), भञ्ज्याङ्ग क्षेत्र र बाटुले क्षेत्र (वडा न. ३ ), कल्छे क्षेत्र र दुधिले भज्याङ क्षेत्र (वडा नं. ५), मालिका देवी क्षेत्र (वडा नं. ७) र मेलुङ बुद्ध स्तुपा क्षेत्र (वडा नं. ६) ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची – १ (दफा ४ को उपदफा (१) संग सम्बन्धीत)**

**घरवास (होम स्टे) दर्ताका लागि दिइने निवेदन**

श्री मेलुङ्ग गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु दोलखा ।

म/हामीहरुले ..... वडा नं. .........टोल/गाउ ............................मा संचालन गर्न लागेको ...........................
घरवास (होम स्टे)लाई घरवास (होम स्टे) संचालन कार्यविधि, २०७७ बमोजिम सामुदायिक/निजी घरवास (होम स्टे)को रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं। घरवास (होम स्टे) संचालन कार्यविधि निर्देशिका, २०७७ को अधिनमा रही आफ्नो घरवास (होम स्टे) संचालन गर्नेछौं।

**संलग्न कागजातः**

१. घरवास (होम स्टे) संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. घरवास (होम स्टे) संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरिनामा तथा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपि वा स्थायीरुपमा बसोबास गरेको भन्ने वडा कार्यालयको सिफारिस।

३. प्रत्येक घरधनीले घरवास (होम स्टे) संचालन गर्न मञ्जुर गरेको कागजात सहित घरवास (होम स्टे) व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।

५. सम्बन्धीत वडाको सिफारिस ।

६. प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

७. घरवास (होम स्टे) संचालन सम्बन्धी विनियम ।

घरवास (होम स्टे) (दर्ता हुने व्यक्तिहरुको) विवरण ।

| क्र.स. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

नोटः सामुदायिक घरवास (होम स्टे)को हकमा घरवास (होम स्टे) व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्नेछ ।

निवेदकको नामथरः ........................

ठेगानाः.......................

मिति......................